गाउँ कार्यपालिकाको कार्यालय
घोचगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८२/३/०२

आ.व.०८१।८२ रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

वैठक नं २२

समय: दिनको ३.०० बजे

मिति:२०८२/०३/०२

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्यूको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यपालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

तपशिल

| क.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | — | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | — | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | — | |
| १० | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११ | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | भगवती | |
| १२ | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३ | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४ | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५ | श्री रुद्रहरि पुरी | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | हरि टण्डन | योजना तथा अनुगमन शाखा प्रमुख | |
| २. | सन्तोष जि.सी. | लेखा अधिकृत | |
| ३. | समार खनाल | का.स. | |
| | | | |
| | | | |

CS CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुर्कोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८२/०४/०२

मिति २०८२/०३/०२ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावनाहरु:

| क्र.स | कार्यसुचीको विषय | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकका निर्णय कार्यन्वयन समिक्षा सम्बन्धमा । | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| २ | भूमिहीन दलित,भूमिहिन सुकुम्बासी र अव्यस्थित बसोबासिले प्रयोग गरेको ठाउँको क्षेत्र निर्धारण सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा भूमिशाखा प्रमुखबाट | |
| ३ | सडक बालबालिका मुक्त गाउँपालिका घोषणा सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा प्र.प्र.अ बाट | |
| ४ | कृषि/पशु प्राविधिक स्नातक तह छात्रवृत्ति सहयोग कार्यक्रम कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा शिक्षा शाखा बाट | |
| ५ | विदेशमा काम गरी फर्केका उद्यमी सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृत गर्ने सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा रोजगार संयोजक बाट | |
| ६ | विषयगत समितिको पुनर्गठन सम्बन्धमा। | अध्यक्षज्यूबाट | |
| ७ | आ.व.२०८२।८३ को नीति तथा कार्यक्रम स्वीकृत सम्बन्धमा। | अध्यक्षज्यूको अनुमतिमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक सावित्रा ज्ञवाली ज्यूबाट | |

निर्णयहरु:

१. छत्रकोट गाउँपालिका गाउँकार्यपालिका मिति २०८२ जेष्ठ ०८ गते बसेको बैठकको निर्णय कार्यन्वयनको अवस्था बारेमा समिक्षा गरियो, निर्णय कार्यन्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो।

२. छत्रकोट गाउँपालिकामा रहेका भूमिहीन दलित,भूमिहीन सुकुम्वासी, अव्यवस्थित बसोवासिले प्रयोग गरेको ठाउँको क्षेत्र निर्धारण गर्न(दस्तुर निर्धारणको लागि) सहरी क्षेत्र, शहरउन्मुख क्षेत्र,ग्रामिण क्षेत्र र गाउँपालिका केन्द्र अन्तर्गत निर्धारण गर्नुपर्ने प्रावधान अनुसार यस छत्रकोट गाउँपालिकामा भूमिहीन दलित,भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीले प्रयोग गरेको ठाउँ अवलोकन गर्दा भेँडुवा बजार क्षेत्रलाई गाउँपालिका केन्द्र तथा अन्य क्षेत्रलाई ग्रामिण क्षेत्रको रुपमा निर्धारण गर्ने निर्णय गरियो। साथै छत्रकोट गाउँपालिका अन्तर्गतका वडाहरु मार्फत निवेदन प्रविष्ट भई निस्सा समेत वितरण भएका भूमिहीन दलित,भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको हक भोग गरेको जग्गा नापनक्सा गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराई दिनका लागि भूमि समस्या समाधान आयोग गुल्मीलाई सिफारिस गर्ने निर्णय गरियो।

३. यस छत्रकोट गाउँपालिकाका सम्पूर्ण ६ वटै वडाहरु सडक बालबालिका मुक्त वडा घोषणा भई यस गाउँपालिकामा जानकारी प्राप्त हुन आएकोले यस छत्रकोट गाउँपालिकालाई सडक बालबालिका मुक्त गाउँपालिका घोषणा गर्ने निर्णय गरियो।

४. शिक्षा शाखाबाट पेश हुन आएको कृषि/पशु प्राविधिक स्नातक तह छात्रवृत्ति सहयोग कार्यक्रम कार्यविधि,२०८२ स्वीकृत गर्ने निर्णय गरियो।

CS CamScanner

मिति २०८२/०३/०२ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

५. रोजगार संयोजकबाट पेश हुन आएको विदेशमा काम गरी फर्केका उद्यमी सम्मान तथा पुरस्कार व्यवस्थापन कार्यविधि,२०८२ स्वीकृत गर्ने निर्णय गरियो।

६. विषयगत समितिको पुनर्गठन सम्बन्धमा छलफल गर्दा देहायबमोजिम हुने गरि पुनर्गठन गर्ने सर्वसम्मत निर्णय गरियो।

| सि.नं. | विषयगत समितिको नाम | पद | पदाधिकारीको नाम,थर | कैफियत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास समिति | अध्यक्ष | तेजकान्त अर्याल | |
| | | सदस्य | सावित्रा वि.क. | |
| | | सदस्य | देवकी पन्त | |
| | | सदस्य | सम्बन्धित विषयगत शाखा प्रमुख | प्र.प्र.अधिकृतले तोकेअनुसार |
| | | सदस्य सचिव | कृषि विकास शाखा प्रमुख | प्रदिप पन्थ |
| २ | सामाजिक विकास समिति | अध्यक्ष | गुणाकर ज्ञवाली | |
| | | सदस्य | देवकी पन्त | |
| | | सदस्य | सावित्रा वि.क. | |
| | | सदस्य | सम्बन्धित विषयगत शाखा प्रमुख | प्र.प्र.अधिकृतले तोकेअनुसार |
| | | सदस्य सचिव | स्वास्थ्य शाखा प्रमुख | श्याम सुन्दर पोखरेल |
| ३ | पूर्वाधार विकास समिति | अध्यक्ष | नारायण रेश्मी | |
| | | सदस्य | भगवति न्यौपाने | |
| | | सदस्य | राम बहादुर वि.क. | |
| | | सदस्य | सम्बन्धित विषयगत शाखा प्रमुख | प्र.प्र.अधिकृतले तोकेअनुसार |
| | | सदस्य सचिव | पूर्वाधार शाखा प्रमुख | इ.पुस्कर खनाल |
| ४ | वन बातावरण तथा विपद व्यवस्थापन समिति | अध्यक्ष | घनश्याम न्यौपाने | |
| | | सदस्य | चन्द्र बहादुर सार्की | |
| | | सदस्य | कमला ज्ञवाली | |
| | | सदस्य | सम्बन्धित विषयगत शाखा प्रमुख | प्र.प्र.अधिकृतले तोकेअनुसार |
| | | सदस्य सचिव | वन बातावरण तथा विपद व्यवस्थापन शाखा प्रमुख | श्रीधर अर्जेल |
| ५ | सुशासन तथा संस्थागत विकास समिति | अध्यक्ष | नरेन्द्र बहादुर पल्लि | |
| | | सदस्य | राम बहादुर वि.क. | |
| | | सदस्य | भगवती न्यौपाने | |
| | | सदस्य | सम्बन्धित विषयगत शाखा प्रमुख | प्र.प्र.अधिकृतले तोकेअनुसार |

CamScanner

२०८२/०३/०२

मिति २०८२/०३/०२ गते बसेको कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

हरि पुरी
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | सदस्य सचिव | प्रशासन शाखा प्रमुख | हरि टण्डन |

७. बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक सवित्रा झवाली ज्यूबाट पेश भएको आगामी आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रमको प्रस्तावना उपर छलफल गरि सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो। साथै उक्त स्वीकृत नीति तथा कार्यक्रम गाउँसभामा पेश गर्ने निर्णय गरियो।

स्वीकृत नीति तथा कार्यक्रम

## छत्रकोट गाउँपालिकाको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम

<u>स्थानीय सरकार छत्रकोट गाउँपालिका गाउँसभाका सम्पूर्ण सदस्य ज्युहरु</u>

स्थानीय सरकार छत्रकोट गाउँपालिकाको यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्त हर्षित भएको छु।

यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, स्वाधिनता र स्वाभिमानको रक्षाको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। विभिन्न परिवर्तनकारी आन्दोलन र संघर्षमा नेतृत्व लिई अग्र मोर्चामा खटिनुभएका अग्रज नेतृत्व र संघर्षको क्रममा घाईते,अपाङ्गता तथा बेपत्ता हुनुभएका योद्धाहरुप्रति उच्च सम्मान भाव व्यक्त गर्दै घाईते तथा अपाङ्ग योद्धाहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस छत्रकोट गाउँपालिकाको समग्र विकास व्यवस्थापन र सेवा प्रवाहको सम्बन्धमा आदरणीय छत्रकोटवासी आमा बुवा दाजुभाई तथा दिदिबहीनीहरुले दिनुभएको सल्लाह, सुझाव, साथ, सहयोग, हौसला, प्रेरणा र खबरदारी प्रति हार्दिक आभार प्रकट गर्दछु।

यस गाउँपालिकाको स्थानीय सरकारको नेतृत्व गरेदेखि नै "स्वास्थ्य शिक्षा, कृषि र पूर्वाधार, सुशासन सहितको समृद्ध छत्रकोट हाम्रो आधार" भन्ने मूल नारालाई आत्मसात गरि छत्रकोट गाउँपालिकाको समग्र विकास,समृद्धि र सुशासन प्रति दृढ रहि यहाँहरुकै माग र आवश्यकता अनुसार जनसन्तुष्टि अभिवृद्धि गर्न प्रतिवद्ध भएर लागेका कुरा यहाँहरूलाइ अवगत नै छ। यहाँहरूकै आवश्यकता,चाहाना माग र सुझाव अनुसार नै गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्दै आईरहेका छौं।

यहाँको विविधता युक्त उत्पादनशिल भूभाग, पर्यटकलाई आकर्षक गर्न सक्ने विभिन्न ऐतिहासिक धार्मिक र पर्यटकीय क्षेत्र, विकासका साझेदारका रुपमा रहेका सहयोगी राजनितिक दल, यहाँका सचेत र शिक्षित जनता, खबरदारी मैत्री सुझाव प्रदायक र सहयोगी संचार माध्यम, छत्रकोटको लागि केहि राम्रो गरौ भन्ने हुटहुटी भएका युवा वाहुल्य जनप्रतिनिधीको टिम, युवा वाहुल्य तथा दक्ष राष्ट्रसेवक कर्मचारीको टिम, आधारभूत पूर्वाधार, संघ र प्रदेश सरकारको समन्वय, हाल सम्म जारी गरिएका ऐन,नियम तथा कार्यविधि र यहाँका प्राकृतिक स्रोत साधननै यस छत्रकोट गाउँपालिकाको विकास र समृद्धिको लक्ष्य प्राप्तिको लागि महत्वपूर्ण अवसरका रुपमा रहेका छन्।

नागरिकका असिमित चाहाना र आवश्यकता बीच न्यून आन्तरिक आम्दानी र केन्द्रवाट प्राप्त हुने बजेटमा निर्भर हुनुपर्ने अवस्था, योजना कार्यान्वयनमा हराउँदै गएको जनसहभागिता, प्राकृतिक विपद्को सम्भावित जोखिम (डढेलो, बाढी, सुख्खा जस्ता) र जलवायु परिवर्तनले सिर्जना गरेका नविनतम विश्वव्यापी प्रभावहरु विकास र समृद्धिको लागि चुनौतीका रुपमा खडा हुने देखिन्छ।

आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान २०७२, संघीय र लुम्बिनी प्रदेश सरकारका प्रचलित नीति तथा कानूनी व्यवस्था,



CamScanner

छत्रकोट गाउँपालिकाले तर्जुमा गरेका कानूनहरु,संघ र प्रदेश सरकारले प्रस्तुत गरेको आर्थिक वर्ष २०८२।८३ को नीति तथा कार्यक्रम, नेपाल सरकारको १६ औं आवधिक योजना, लुम्बनी प्रदेश सरकारको चालु आवधिक योजना, छत्रकोट गाउँपालिकाको चालु आवधिक योजना, दिगो विकासका लक्ष्यहरु, पूर्व जनप्रतिनिधी तथा राजनीतिक दल र छत्रकोट बासी आम नागरिकहरुबाट प्राप्त सुझावका साथै निर्वाचनका क्रममा गरिएका प्रतिवद्धता र  हाल सम्मको अनुभव तथा सिकाईलाई नीति तथा कार्यक्रम तर्जुमाको आधारका रुपमा लिएको छु।

यस सभाका सदस्य ज्यूहरु

अब म चालु आर्थिक वर्ष २०८२।८३ मा हाल सम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त विवरण प्रस्तुत गर्न गईरहेको छु

समृद्ध छत्रकोट निर्माणको लागि आर्थिक विकास क्षेत्रलाई मुख्य जोड दिंदै विभिन्न योजनाहरु अगाडी बढाएका छौं।कृषि तथा पशु विकासका क्षेत्रमा आधुनिकीकरण र प्रविधिको प्रयोगमा जोड दिईएको छ।सिंचाईलाई व्यवस्थित र विस्तार गर्न बाँध निर्माण र पक्की सिंचाई कुलो निर्माणका योजना संचालन गरिएको छ।कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वको वृद्धिको लागि कृषकको मागमा आधारित कृषि औजार र यन्त्र,उपकरणमा अनुदान दिईएको छ।साथै कृषकहरुलाई उत्प्रेरित गरि कृषि पेशालाई थप व्यवसायिक बनाउन कृषि जन्य उत्पादन र दुधमा उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडी बढाईएको छ।छत्रकोट गाउँपालिकाको प्रमुख नगदेबालीका रुपमा पहिचान बनाउने गरि उँखु र उँखु जन्य उत्पादन बृद्धि गर्न उँखु प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ।तरकारी खेतीलाई व्यवस्थित गरी क्षेत्र विस्तारका लागि पकेट विकास तथा तरकारी प्रवर्द्धन कार्यक्रम संचालन गरिएको छ।कृषक सँगै कृषि तथा पशु प्राविधिक कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाईएको छ।

उद्यमीहरुलाई क्षमता विकास र सीप विकासका तालिमको व्यवस्था गर्दै प्रविधी हस्तान्तरण समेत गरिएको छ।सहकारीहरुको क्षमता विकासको लागि व्यवस्थापकहरुलाई COPOMIS  तालिम संचालन गरिएको छ।छत्रकोट जिपलाईनको निर्माण कार्य सम्पन्न गरी संचालनमा ल्याईएको छ।जसको कारण छत्रकोट गाउँपालिका आन्तरिक र बाह्य पर्यटकको आकर्षक गन्तव्य स्थलको रुपमा विकास हुँदै गएको छ।

सामाजिक विकास तर्फ गुणस्तरीय र प्रविधिमैत्री शिक्षाको प्रवर्द्धन, सरल,सुविधाजनक,विश्वासनीय र गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान, स्वच्छ र नियमित खानेपानीको व्यवस्थापन लगायत कार्यका साथै लैङ्गिक समानता, महिला, दलित, जनजाती, बालबालिका,अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको लागि विभिन्न लक्षित तथा लाभदायी योजना तथा कार्यक्रमहरु संचालन गरिएको छ। आर्थिक रूपले विपन्न गरिबहरूको लागि लक्षित गरी छत्रकोट गाउँपालिका अन्तर्गत भेडुवा बजारमा कपडा बैंकं cloth Bank) स्थापना गरि सेवा प्रदान गरिएको छ।

छत्रकोट गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर र विद्यालय प्रशासनलाई सुदृढ गर्नको लागि माध्यमिक विद्यालयमा माध्यमिक तहकै र निम्न माध्यमिक विद्यालयमा कम्तिमा निम्न माध्यमिक तहकै स्थायी शिक्षकलाई प्रधानाध्यापक व्यवस्थापन गर्ने गरी आवश्यक प्रवन्ध मिलाईएको छ। स्थानीय पाठ्यक्रम अनुसार कक्षा १ देखि ५ सम्म स्थानीय पाठ्यपुस्त छपाईको काम सम्पन्न गरिएको छ। SEE मा कम्तिमा ३.२ जिपिए प्रास गर्ने विद्यार्थीहरूका लागि छत्रकोट गाउँपालिका भित्र अध्ययन गर्दा कक्षा ११ र १२ मा पूर्ण छात्रावृत्ति प्रदान गर्ने कार्यक्रमलाई अगाडी वढाईएको छ।

कृषि प्राविधिक तथा पशु चिकित्सक सम्वन्धी विषयमा स्नातक अध्ययन गर्ने छत्रकोट भित्रका १ जना कृषि प्राविधिक र १ जना पशु प्राविधिक विद्यार्थीलाई यहि आर्थिक वर्ष देखि शिक्षण शुल्कको ९० प्रतिशत अनुदान दिने व्यवस्था अगाडी वढाईएको छ।

शिक्षकहरुको अवकास,सरुवा तथा अन्य कारणवाट रिक्त भई पठनपाठनमा पर्न सक्ने प्रभावलाई ध्यानमा राखि शिक्षकहरुको तत्काल प्रवन्ध गर्ने व्यवस्थाको लागि आधारभूत तह(१-५) मा शिक्षक बैंक स्थापनाको कार्य अगाडी वढाईएको छ।

गुणस्तरीय स्वास्थ्य सेवा प्रवर्द्धनलाई गाउँपालिकाको प्रमुख प्राथमिकतामा राखि स्वास्थ्य केन्द्र,स्वास्थ्य चौकी तथा सामुदायिक स्वास्थ्य इकाईहरुलाई प्रविधीमैत्री र भौतिक पूर्वाधार युक्त वनाउँदै लगिएको छ। श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रमा अल्ट्रासाउण्ड मेसिन(Color Doppler Ultrasound Machine) को प्रवन्ध गरि भिडियो एक्सर सेवा प्रदानको व्यवस्था मिलाईएको छ। ल्याव सेवा संचालनमा ल्याईएका सम्पूर्ण स्वास्थ्य चौकीहरुमा ल्याव परीक्षणलाई विश्वासनीय र भरपर्दो वनाउन आवश्यक व्यवस्था मिलाईएको छ। मृगौला रोगी,गम्भिर गुटुरोगी,क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुलाई संघीय सरकारले उपलब्ध गराउने रकमका अतिरिक्त गाउँपालिकावाट प्रतिमहिन रु १००० जिवन निर्वाह भत्ता उपलब्ध गराउने व्यवस्था मिलाईएको छ। स्वास्थ्य कर्मिहरुलाई विभिन्न तालिमका कार्यक्रम संचालन गरी पेशागत दक्षता अभिवृद्धि गर्ने कार्य गरिएको छ। पूर्ण पोषणमैत्री स्वास्थ्य संस्थायुक्त गाउँपालिका घोषणालाई सुनिश्चितता गरिएको छ। पूर्ण संस्थागत प्रसुति गाउँपालिका तथा पूर्ण खोप गाउँपालिका सुनिश्चितता तथा दिगोपना घोषणा समेत गरिएको छ। सुत्केरी तथा गर्भवती विशेष कार्यक्रम अन्तर्गत उपाध्यक्ष सँग सुत्केरी कार्यक्रम संचालन गरिएको छ। गर्भवतीहरुको लागि निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईएको छ।

सम्पूर्ण वडाहरुमा महिलाहरुको लागि निःशुल्क भिडियो एक्सरे, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग तथा लामो समयको गर्भान्तरको लागि परिवार नियोजन सम्वन्धी स्वास्थ्य शिविर कार्यक्रम संचालन गरिएको छ। छत्रकोटवासि नागरिकहरुको लागि आवश्यक पर्दा बुटवल,रुपन्देहि र काठमाडौंमा निःशुल्क रगत उपलब्ध गराउने व्यवस्था मिलाईएको छ। साथै तम्घास आँखा अस्पत्तालमा मोतियाविन्दु भएका व्यक्तिहरुलाई निःशुल्क मोतियाविन्दु अप्रेसनको प्रवन्ध मिलाईएको छ।

**यस सभाका सदस्य ज्यूहरु**



CamScanner

२०८२।०४।०८ ...हरि पुरी
प्रशासकीय अधिकृत

निर्माणधिन छत्रकोट गाउँपालिकाको प्रशासकीय भवनको निर्माणकार्यको भौतिक प्रगति करिब ७० प्रतिशत पुगेको छ। पिपलनेटा- घडेरीटोला-कालिकानगर कुडारचौर सडक खण्डमा हाल सम्म २६२५ मिटर कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ।
लुम्छा देखी चौपारी सडक खण्डमा ६३ मिटर ढलान कार्य आ.व २०८०।८१ मा सम्पन्न गरिएको र यहि आ.व को अन्त्य सम्म थप १८४३ मिटर कालोपत्रे गर्ने कार्य सम्पन्न भई जम्मा १९०३ मिटर सडक कालोपत्रे हुने अन्तिम चरणमा रहेको छ। ।बिरबास-कोलधारी-बर्जिया-सिस्ने-चन्द्रकोट मो.बा. अन्तर्गत आ.व २०७९।८० मा ३२० मिटर कालोपत्रे गरिएको, चालु आ.व मा हालसम्म ७९१ मिटर सम्पन्न भईसकेको र ९०० मिटर थप कालोत्रे गर्ने कार्य अन्तिम चरणमा रहेकोले यो आ.व को अन्त सम्ममा जम्मा १७११ मिटर जम्मा कालोपत्रे हुनेछ। पिलनेटा हर्दिनेटा वडडाँडा सडक खण्डमा आ.व २०८०।८१ मा ७४८ मिटर कालोपत्रे सम्पन्न भएको र चालु आ.वमा १४६० मिटर कालोपत्रे हुने कार्य अन्तिम चरणमा रहेकोले यस आ.व को अन्त सम्ममा जम्मा २२०८ मिटर सडक खण्ड कालोपत्रे कार्य सम्पन्न हुनेछ। साथै गैरिखुट्टा सडक खण्डमा चालु आवमा ७५६ मिटर कालोपत्रे गर्ने कार्य सम्पन्न भएको छ। गुङ्टुङ-झेर्दी-सिस्ने सडक र धरमपोखरा रूक्से सडकको स्तरोन्नतीको कार्य भईरहेको छ। कोशल पोखरेल स्मृति खेलमैदानको स्तरोन्नतीको कार्य सम्पन्न हुने चरणमा रहेको छ। छत्रकोट गाउँपालिकाको एक मात्र नमुना विद्यालय आत्मबोध माध्यमिक विद्यालयको होस्टेल निर्माणको कार्य विद्यालय व्यवस्थापन समिति सँग सम्झौताभई निर्माणको चरणमा रहेको छ। खर्ज्याङ्ग स्वास्थ्य चौकी भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको छ।
जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्न नेपाल जलवायु नमुना कार्यक्रम अन्तर्गत विभिन्न अनुकुलनका कार्यक्रम, एकीकृत मूल तथा मुहान संरक्षण कार्यक्रम र प्रत्येक वडामा कम्तिमा एउटा रिचार्ज पोखरी निर्माणको कार्यलाई अगाडी वढाईएको छ। विपद व्यवस्थापन उद्दार र नियन्त्रणको लागि नगर प्रहरीलाई २४ घण्टा अलर्ट गरिनुका साथै राहतको लागि आवश्यक व्यवस्था गरिएको छ। फोहोरमैला व्यवस्थापनको लागि छत्रकोट १ हुँगा, छत्रकोट ३ भेंडुवा र छत्रकोट ५ खर्ज्याङ्गमा ल्याण्डफिल्ड साइटको निर्माण गरिएको छ।

छत्रकोट गाउँपालिकाका मौलिक कला संस्कृतिको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले गाउँपालिका स्तरीय भजन संरक्षण तथा प्रवर्द्धन उपभोक्ता समिति मार्फत् आवश्यक कार्य अगाडी वढाईएको छ। दलित जनजाती,अल्पसंख्यक,सिमान्तकृत तथा लक्षित वर्गको उत्थान सम्वन्धी विभिन्न लक्षित कार्यक्रमहरु संचालन गरिएको छ। लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण सम्वन्धी विभिन्न कार्यक्रम संचालन गरिएको छ। जेष्ठ नागरिकहरुको सम्मानको लागि "जेष्ठ नागरिक सँग अध्यक्ष भेटघाट कार्यक्रम" संचालन



CS CamScanner

गर्दै आईरहेका छौं। अपाङ्गता भएका व्यक्तिहरुलाई सहायता सामाग्रीहरु वितरण गरिएको तथा ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई समेत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराईएको छ।

गाउँपालिका भित्रका कार्यालयहरुबाट हुने सार्वजनिक सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त, मितव्ययी र प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाईएको छ। राजस्व परिचालनको क्षेत्रमा दर भन्दा दायरा विस्तार गर्ने नीति अवलम्बन गरिएको छ। कार्यालयको सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोगलाई जोड दिईएको छ। संघ र प्रदेश सरकार संग समन्वय गर्दै जनमैत्री सेवा प्रवाहलाई अगाडी बढाईएको छ। यस छत्रकोट गाउँपालिका सरकार दिगो शान्ति, सुशासन र न्यायपूर्ण समाजको सुदृढ विकासका साथै यहाँको जनताको आवश्यकताको बोध गर्दै जन सन्तुष्टि अभिवृद्धि गरी घर आगनको सरकारको जिम्मेवारी निर्वाह गर्न प्रतिवद्ध र कटिवद्ध भएर लागेको छ।

सभाका सदस्य ज्यूहरु,

आगामी आर्थिक वर्ष २०८२।८३ का प्राथमिकता प्राप्त मुख्य कार्यक्रम अन्तर्गत आर्थिक विकास तर्फ उत्पादनमा आधारित अनुदान कार्यक्रमको दायरा विस्तार र प्रभावकारीता बृद्धि गर्ने, सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा तर्फ माध्यमिक विद्यालयहरुको कक्षा ८-१० लाई पूर्ण सूचना प्रविधि मैत्री बनाउने र स्वास्थ्य तर्फ थप स्वास्थ्य सेवालाई थप गुणस्तरीय र सुविधाजनक बनाउने, गाउँपालिकाको केन्द्र देखि सबै वडा कार्यालय सम्म जोड्ने सडकलाई कालोपत्रे गर्ने गरि अगाडी बढाउने, वन तथा वातावरण र विपद् व्यवस्थापन तर्फ वातावरण संरक्षण र विपद् व्यवस्थापनका कार्यक्रमलाई प्राथमिकता दिने र सुशासन तथा संस्थागत विकास तर्फ नव निर्मित प्रशासकीय भवनबाट नागरिकहरुलाई छिटो, छरितो र सरल र सुविधाजनक रुपमा गुणस्तरीय सेवा प्रवाह गर्ने रहेका छन्।

सभाका सदस्य ज्यूहरु,

अब म यस गाउँपालिकाको आ.व. ०८२।८३ को क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

१) उत्पादनमा आधारित अनुदान कार्यक्रमको दायरा विस्तार गरि थप व्यवस्थित र प्रभावकारी तरिकाले संचालनमा ल्याइने छ।

२) "कृषकको बारीमा कृषि प्राविधिक तथा गोठमा पशु प्राविधिक अभियान" मार्फत् कृषि र पशु प्राविधिकबाट कृषकको गोठ, खेत र बारीमानै पुगेर प्राविधिक परामर्श, राय, सुझाव तथा सेवा प्रदान गर्ने कार्यलाई थप प्रभावकारी ढंगले अगाडी बढाइनेछ।

३) जग्गा भाडामा लिई कृषि तथा पशुपालन गर्ने कृषि उद्यमीहरुलाई जग्गा भाडा रकममा अनुदान दिने कार्यक्रमलाई अगाडी बढाईनेछ।

४) कृषिमा नविन प्रविधिको प्रयोगमा जोड दिँदै कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि गर्न कृषि यान्त्रिकरणमा अनुदानका कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ।



CamScanner

५) छत्रकोट गाउँपालिका भित्र रहेको बाँझो जग्गाको व्यवस्थापन गर्नको लागि भूमि बैंक स्थापना गरि संचालनमा ल्याईनेछ। साथै बाँझो जग्गा सदुपयोगका लागि विभिन्न कृषि विकास कार्यक्रम संचालन गरिनेछ।

६) छत्रकोट गाउँपालिकामा मुख्य कृषि उत्पादन एवं राष्ट्रिय फल सुन्तला खेतीलाई प्रवर्द्धन गर्न तथा प्रशोधन गरी जुस तथा अन्य वस्तु उत्पादनको लागि राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम संचालन गरिनेछ। साथै कागती खेतीलाई समेत प्रवर्द्धन गरिनेछ।

७) छत्रकोट गाउँपालिकाको मुख्य नगदेवालीको रुपमा रहेको उँखु खेतीको विस्तार,बजारीकरण र उत्पादनको विविधिकरणको लागि आवश्यक योजना र कार्यक्रमहरु संचालन गरिनेछ।

८) छत्रकोट गाउँपालिका भित्र रहेका खाली तथा बाँझो जमिनहरुको व्यवस्थापनका लागि माटो तथा हावापानीको अध्ययन गरी चिया तथा अलैंची खेतीको नमुना परीक्षण कार्यलाई अगाडी बढाईनेछ। साथै गुल्मीको पहिचानको रुपमा रहेको कफि खेतीको विस्तार गर्दै आवश्यक प्रवर्द्धन गरिनेछ।

९) छत्रकोट गाउँपालिकालाई तरकारी उत्पादनमा आत्मनिर्भर बनाउन तरकारी खेती प्रवर्द्धन कार्यक्रम तथा तरकारी पकेट विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै लोप हुन लागेका स्थानीय जातका रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गर्न रैथाने बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१०) छत्रकोट गाउँपालिका भित्र आलु उत्पादन हुने क्षेत्रको पहिचान गरि आलु बालीको नयाँ पकेट विकास कार्यक्रम सञ्चालन गरिनेछ।

११) स्थानीय स्तरमा उत्पादन हुने मुख्य कृषि उत्पादनलाई प्रचार प्रसारको माध्यमबाट प्रवर्द्धन गर्नको लागि महोत्सव तथा प्रदर्शनीका कार्यक्रमहरु संचालनलाई निरन्तरता दिइनेछ।

१२) गाई भैसिं लगायतका पशुहरुको नश्ल सुधार गरी दुध उत्पादन वृद्धि गर्न कृत्रिम गर्भाधान मिसन कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ।

१३) व्यवसायिक बाख्रापालनको माध्यमबाट कृषकहरुको आर्थिक समुन्नतीको लागि बाख्रा प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।

१४) सबै वडा वडामा पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन गरी पशुको रोग पहिचान र निदान गरिनेछ।

१५) भुस्याहा कुकरहरुलाई वन्ध्याकरण गर्ने कार्यक्रम निरन्तरता दिंदै भुस्याहा कुकुरहरुको नियन्त्रणको साथै कुकुरको टोकाईबाट लाग्ने रेबिज रोगको प्रभावकारीरुपमा नियन्त्रण गरिनेछ।

१६) वन जंगलको नजिक रहेका खेतीयोग्य जमिनमा जंगली जनावर तथा वन्यजन्तुले नरुचाउने खालका कृषि बालीहरु(अकबरे खुर्सानी,टिमुर,तेजपत्ता,लप्सी आदी) लगाउने किसानहरुलाई बिउबिजनमा अनुदानका कार्यक्रम संचालन गरिनेछ। साथै घर, खेत बारीको नजिक रहेका अनावश्यक झाडि तथा बुट्यानहरु हटाउने कार्यलाई टोल विकास संस्था सँग समन्वय गरि कार्यान्वयन गरिनेछ।

१७) छत्रकोट गाउँपालिका वडा नं. ३ मा स्थित छत्रकोट देवालय मन्दिर देखि देवी भगवती मन्दिर,लुम्छा सम्म संचालित छत्रकोट जीपलाईनको थप प्रचार प्रसार गरी पर्यटकहरूलाई आकर्षित गरिनेछ। साथै छत्रकोट देवालय मन्दिर,चोयगा र देवी भगवती मन्दिर,लुम्छामा थप पर्यटकीय पूर्वाधारको निर्माण कार्य अगाडी वढाइने छ।

१८) छत्रकोट देवालय मन्दिर परिसरमा रहेको छत्रकोट जिपलाईन सँग तादम्यता हुने गरि साइक्लिङ, ट्रि हाउस र वाल उद्यान जस्ता पर्यटकीय पूर्वाधारहरुको निर्माण कार्यलाई अगाडी वढाईनेछ।

१९) छत्रकोट गाउँपालिका भित्रका ऐतिहासिक,धार्मिक,सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र प्रचार प्रसार गरी पर्यटकीय गन्तव्यको स्थलका रुपमा विकास गरिनेछ।

२०) सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई थप प्रभावकारी वनाईनेछ। साथै सहकारीका व्यवस्थापक तथा संचालकहरुको थप क्षमता विकासका लागि आवश्यक तालिम संचालन गरिनेछ।

२१) सहकारी मूलक व्यवसाय तथा सहकारी खेती प्रणालीलाई प्रोत्साहन गरिनेछ। स्थानीय श्रम,सीप र पूँजीलाई अधिकतम रुपमा परिचालन गर्ने गरी सहकारीहरुलाई विकासको साझेदारको रुपमा अगाडी वढाईनेछ।

२२) गाउँपालिकामा दर्ता तथा सूचीकृत नगरी संचालन गरेका व्यवसायलाई पूर्ण रुपमा दर्ता प्रकृयामा ल्याईनेछ। साथै व्यवसाय कर नतिरेका व्यवसायीलाई समेत अनिवार्य रुपमा करको दायरामा ल्याइनेछ।

२३) "एक वडा एक लघु उद्योग स्थापना" कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२४) वैंक तथा वित्तीय संस्था सँगको समन्वयमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरि नागरिकलाई वित्तीय संस्थासँग जोडि वचत गर्ने तथा ऋण लिई आर्थिक उपार्जन गर्ने अवसरको सिर्जना गरिनेछ।

सभाका सदस्य ज्यूहरु,

२५) युवाहरुलाई स्वरोजगार वनाउन तथा वैदेशिक रोजगारीमा जानेहरुका लागि समेत सीप युक्त भई जानको लागि विभिन्न सीप विकासका तालिम संचालन गरीनेछ। साथै साना तथा लघु उद्यमी समूहलाई प्रविधि हस्तान्तरण गरि व्यवसायिक हुन उत्प्रेरणा दिइनेछ।

२६) गाउँमै उत्पादन भएका सामग्रीहरूको प्रदर्शनी, विक्री र वजार पहुँच सुनिश्चित गर्न "स्थानीय लघु उधम महोत्सव" कार्यक्रम संचालन गरिनेछ।

२७) रोजगार प्रवर्द्धनका लागि भैरहेका (लघु)उद्यमीहरुको क्षमता अभिवृद्धि गरि उद्यमीवाट उद्योगी-व्यवसायी वनाउन पुनर्ताजगी तालिम र प्रविधी हस्तान्तरणका कार्यक्रम लाई निरन्तरता दिईनेछ।

२८) गाउँपालिकावाट विनियोजित श्रममूलक योजनाहरु कार्यान्वयनमा गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइने नीतिलाई कार्यान्वयन गरिनेछ।



CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८२/०३/०७ ... बहादुर पुरी
प्रमुख प्रशासकीय अधिकृत

२९) वैदेशिक रोजगारीको अनुभव प्राप्त गरि स्वदेश फर्किएका [illegible] संशाधनलाई स्वरोजगारमूलक,आयमूलक तथा उत्पादनमूलक उद्योग,पेशा तथा व्यवसाय गर्न "अध्यक्ष सँग रिटर्नी" कार्यक्रमलाई थप प्रभावकारी रुपमा संचालन गरिनेछ।

सभाका सदस्य ज्यूहरु

३०) "पुरानो पठनपाठन पद्धतिको साटो, डिजिटल शिक्षा अबको बाटो" भन्ने नारालाई आत्मसाथ गर्दै माध्यमिक विद्यालयका कक्षा ८ ९ र १० कक्षालाई पूर्णत डिजिटल शिक्षण शिकाईको प्रवन्ध मिलाईनेछ। साथै अन्य विद्यालय र कक्षाहरुलाई समेत क्रमश डिजिटल शिक्षण सिकाई युक्त वनाउँदै लगिनेछ।

३१) शिक्षकहरुलाई प्रविधि मैत्री डिजिटल शिक्षण सिकाई प्रति जानकार र अभ्यस्त वनाउन पर्याप्त मात्रामा प्रविधि मैत्री तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

३२) विषयगत रुपमा डिजिटल शिक्षण सिकाईका सामाग्री खोज गर्न, शिर्जना गर्न र प्रयोग गर्न अभ्यस्त गराउने गरि विषयगत क्षमता विकास तालिमका कार्यक्रम संचालन गरिनेछ।

३३) शिक्षकहरुलाई डिजिटल शिक्षण सिकाईमा सफलता प्राप्त गरेका विद्यालयहरुमा शैक्षिक भ्रमण मार्फत् तथा अन्तरक्रिया मार्फत् सिकाई आदान प्रदानमा सहजिकरण गरिनेछ।

३४) प्रविधि मैत्री डिजिटल शिक्षालाई पूर्ण रुपमा कार्यान्वयमा सहजिकरण गर्न ४ जना सूचना प्रविधि(IT Supporter) शिक्षकहरुको व्यवस्था गरी सबै माध्यमिक विद्यालयमा आलो पालो सहजिकरणको प्रवन्ध मिलाईने छ।

३५) सम्पूर्ण सामुदायिक विद्यालयहरुमा इन्टरनेट, व्याट्रि व्याकप, विद्युत वेयरिङ्ग र आधारभूत फर्निचर जस्ता पूर्वाधारको व्यवस्था गरिनेछ।

३६) प्रारम्भिक वाल विकास कक्षाहरुलाई सुरक्षित वसाई व्यवस्थापन र सरसफाईलाई ध्यान दिंदै खेल सामग्री, सिकाई सामग्री, मनोरञ्जन सामग्री, श्रव्य-दृश्य सामग्री सहित आकर्षक, मनोरञ्जक र वालमैत्री कक्षाकोठा वनाउने कार्यलाई प्रभावकारी रुपमा अगाडी वढाईनेछ।

३७) "हाम्रो छत्रकोट" नामक स्थानीय पाठ्यक्रमका आधारमा कक्षा ६ देखि ८ सम्मको पाठ्यपुस्तक निर्माण-छपाई गरी प्रत्येक वालवालिकाहरुलाई निःशुल्क वितरण गर्ने कार्यलाई अगाडी वढाईनेछ।

३८) समायोजन भएका विद्यालयहरुमा विद्यार्थीहरुको सहज आवागमनका लागि यसै शैक्षिक सत्रमा आत्मवोध माध्यमिक विद्यालय, शृङ्गा जनता माध्यमिक विद्यालय र जनजागृती माध्यमिक विद्यालयहरुमा यातायातका साधनहरू व्यवस्थापन गर्न अनुदानको व्यवस्था मिलाईनेछ।

३९) समायोजन भएका विद्यालयको भौतिक तथा शैक्षिक सामाग्रीहरु समेत हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ। साथै भौतिक पूर्वधारको प्रयोग तथा व्यवस्थापन र संरक्षणको लागि आवश्यक प्रवन्ध मिलाईनेछ।

४०) आर्थिक तथा सामाजिक रुपमा विपन्न वालवालिकाहरुलाई शिक्षाको अवसर सुनिश्चित गर्न छात्रवृत्ति एवम् प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ।



CS CamScanner